# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, भदौ १८ गते २०६१ साल ( अतिरिक्ताङ्क २४ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय शिक्षा तथा खेलकुद मन्त्री श्री विमलेन्द्र निधि International Bureau of Education को ४७ औं सभामा भाग लिन २०६१ साल भदौ २१ गते स्वीट्जरल्याण्डको जेनेभातर्फ जानुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको शिक्षा तथा खेलकुद मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय भौतिक योजना तथा निर्माण मन्त्री श्री प्रकाशमान सिंहले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय जनसंख्या तथा वातावरण मन्त्री श्री वाचस्पति देवकोटा चीनमा आयोजना हुने जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन र संयुक्त राष्ट्रसंघीय सहस्राब्दी विकास लक्ष्यहरुसम्बन्धी कार्यक्रममा भाग लिने सिलसिलामा २०६१ साल भदौ १९ गते त्यसतर्फ जानुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको जनसंख्या तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री श्री रघुजी पन्तले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय महिला, बालबालिका तथा समाज कल्याण मन्त्री श्रीमती अष्टलक्ष्मी शाक्य बेइजिङ कार्यमञ्चको कार्यान्वयन र यसको क्षेत्रीय उपलब्धिका सम्बन्धमा हुने उच्चस्तरीय अन्तरसरकारी बैठकमा भाग लिन २०६१ साल भदौ २१ गते थाइल्यान्डको राजधानी बैङ्ककतर्फ जानुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका साथै माननीय जनसंख्या तथा वातावरण मन्त्रीको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको जनसंख्या तथा वातावरण मन्त्रालयको कार्यभारसमेत सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री श्री रघुजी पन्तले सम्हाल्नु हुनेछ ।

हुकुम बक्सेबमोजिम,
मी. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।